# राप्ती सोनारी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय, अगैया, बाँके,५ नं.प्रदेश

**बोलपत्र आव्हान सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति : ०७४/११/१५)**

यस कार्यालयबाट चालु आ.व. ०७४/०७५ मा यस कार्यालय अन्तर्गत संचालन हुने तपसिलमा उल्लेखित निर्माण कार्य ठेक्काको माध्यमबाट गराउनु पर्ने भएकोले निर्माण व्यवसाय ऐन, २०५५ बमोजिम इजाजतपत्र प्राप्त ईच्छुक निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधीनमा रही रीतपूर्वकको बोलपत्र आव्हान गरिएको छ ।

१. अद्यावधिक नविकरण गरेको इजाजतपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, आ.व.०७३/०७४ सम्मको आयकर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र निवेदन सहित तोकिएको बोलपत्र/दरभाउपत्र दस्तूर तिरी (पछि फिर्ता नहुने) यो सूचना प्रकाशित भएको मितिले बोलपत्रको हकमा ३० औं दिन कार्यालय समय भित्र यस कार्यालयबाट ईच्छुक बोलपत्रदाताले बोलपत्र सम्बन्धि कागजात खरिद गर्न सकिनेछ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको आर्थिक प्रशासन शाखा वा यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक, नेपालगंज स्थित (कार्यालय कोड नं.६२-३६५-१७)राजस्व खाता नं.४१३०३०४०१८१०३ मा जम्मा गरेको भौचरलाई बोलपत्र कागजात साथ समाबेश गर्नु पर्नेछ ।

२. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औ दिन दिनको १२.०० बजे भित्र यस कार्यालयमा hard copy दर्ता गर्न सकिने छ ।

३. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।

४. दर्ता भएका बोलपत्र यो सूचना प्रथम पटक प्रकाशित भएका मितिले बोलपत्रको हकमा ३१ औं दिनको १३.०० बजे कार्यालयका प्रतिनिधी तथा बोलपत्रदाताको रोहवरमा खोलिने छ । बोलपत्रदाताको अनुपस्थिती भएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने र खोल्ने दिन बिदा पर्न गएमा सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनको सोही समयलाई उक्त प्रयोजनको लागि मान्यता दिइने छ ।

६. शिलबन्दी बोलपत्र फारामसाथ जमानत वापत तोकिएको रकम राष्ट्रिय बाणिज्य बैंक, नेपालगंज शाखा स्थित यस कार्यालयको धरौटी खाता नं.४१३०३०४०१८१०३ मा जम्मा गरी सक्कलै बैंक भौचर वा नेपाल सरकारबाट विडवण्ड जारी गर्न सक्ने इजाजत प्राप्त बैंकहरुबाट बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा १२० औ दिन म्याद भएको विडवण्डको सक्कल संलग्न गर्नु पर्नेछ ।

७. बोलपत्र आइटमवाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउंमा बोलपत्रदाताको सहि छाप भएको हुनु पर्नेछ ।

८. संयुक्त उपक्रमको माध्यमबाट काम गर्न ईच्छुक बोलपत्रदाताले संयुक्त उपकम सम्बन्धि सम्झौताको सक्कल दरभाउपत्र कागजात साथ अनिवार्य पेश गर्नु पर्नेछ ।

९. नेपाल सरकारको हितलाई ध्यानमा राखी कुनै कारण जनाई वा नजनाई बोलपत्र पुरा वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. यस सूचनामा उल्लेखित कार्यहरु वहुवार्षिक योजना अनुरुप कार्यान्वयन गरिने कार्यहरु नेपाल सरकारबाट बजेट विनियोजन भए अनुरुप गर्ने या गराइने छ ।

११. बोलपत्र स्वीकृत भएपछि परफरमेन्स वण्ड वापत बोलपत्रदाताले कबोल गरेको अंकको ५%ले हुने रकम र सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ र यसको संसोधन बमोजिमको थप रकम यसै सूचनाको बुंदा ६ मा उल्लेखित धरौटी खातामा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयका पक्षमा न्यूनतम कार्य सम्पन्न गर्नु पर्ने अन्तिम अवधि भन्दा कम्तिमा १३ महिना बढीको म्याद राखी जारी गरेको बैंक जमानीपत्र पेश गर्नु पर्नेछ ।

१२. कामको गुणस्तर स्वीकृत स्पेसिफिकेसन अनुसार हुनु पर्नेछ । बोलपत्रदाताले निर्माण स्थल र सम्पादन गर्ने कामको सम्बन्धमा राम्रोसंग बुझी दररेट भरेको मानिने छ ।

१३. मिति ०७४/१२/०४ गते दिनको १२.०० बजे बोलपत्रदातासंग बोलपत्र सम्बन्धि कागजात, प्राविधिक स्पेसिफिकेसन, निर्माण स्थल वा अन्य यस्तै कुरा सम्बन्धि छलफल गर्नका लागि यस कार्यालयमा बैठकको आयोजना हुनेछ ।

१४. शर्त रहेको, रीत नपुगेको तथा म्याद नाघी आएको बोलपत्र/दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

१५. यसमा उल्लेख नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४र यसको संसोधन बमोजिम हुनेछ । बोलपत्र सम्बन्धी थप कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

**बोलपत्र/दरभाउपत्र सम्बन्धि कार्यको विवरण**

| ठे.नं. | कामको विवरण | ल.इ.रकम (भ्याट बाहेक) | धरौटी रकम | बोलपत्र/ दरभाउपत्र दस्तूर | खरिद गर्ने समय | कैफियत |
|---|---|---|---|---|---|---|
| १/०७४/०७५ | कचनापुर–मदुइ सडक कालोपत्रे गर्ने काम | १२३८९३८०.५४ | ३१००००।०० | ३००० | ३० औं दिन | बोलपत्र ( ३०दिन) |

(प्रमुख प्रशासकीय अधिकृत)

भरत कुमार मल्ल

प्रमुख प्रशासकीय अधिकृत